नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौ

(प्रकाशित मितिः- २०७८/०७/१७)

## तालीम सम्बन्धी सूचना ।

यस लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक कार्यक्रम अनुसार यस आ.ब. २०७८/०७९ मा निम्न तालीमहरु सञ्चालन हुने हुँदा तालीम लिन इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस केन्द्रमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनासँग सम्बन्धित आवेदकको योग्यता, दरखास्तको ढाँचा एवम् अन्य विस्तृत बिवरण यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा उपलब्ध रहेको हुनाले सोसमेत हेरी दरखास्त पेश गर्नुहुन जानकारी गराइन्छ ।

**तालिमहरुः**

१. लेखा तथा व्यवस्थापन तालिम

२. लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारिकरण तालिम

३. उद्यमशिलता विकास तालीम

**सम्पर्क ठेगानाः- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौं**

**फोन नं.:- ,०१-५३५१५३८, ५३५६९३१**

# तालीम सम्बन्धी विस्तृत विवरण

१. अनुसूचिमा राखिएको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ ।

२. प्रशिक्षार्थीलाई तालीममा सहभागी भएवापत कुनै शुल्क लाग्ने छैन ।

३. तालीमको लागि आवश्यक योग्यता पुगेका आवेदकहरुमध्येबाट दरखास्त फारममा आवेदकले उल्लेख गरेको तालिम आवश्यक पर्ने कारण समेत हेरी तालीमको व्यवसायिक उपयोगलाई मुख्य आधार मानी तालीमको प्रशिक्षार्थी छनौट गरिनेछ ।

४. गरिव, आर्थिक रुपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, मधेसी एवम् सिमान्तकृत पिछडिएका अल्पसंख्यक व्यक्ति, अपाङ्ग, शहिद परिवार तथा द्वन्द्व पीडित व्यक्ति जस्ता लक्षित वर्गलाई विशेष प्राथमिकता दिइनेछ । लक्षित वर्गमा पर्ने भनेर खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

५. तालिममा सहभागी हुनका लागि प्रशिक्षार्थीको आवश्यक योग्यता तथा पेश गर्नुपर्ने कागजात निम्न तालिकामा उल्लेख छ ।

| क्र.सं. | तालिमको नाम | प्रशिक्षार्थीको योग्यता | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | लेखा तथा व्यवस्थापन तालिम<br>(२ दिने तालीम) | १) १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनुपर्ने,<br>२) साधारण लेखपढ गर्न सक्ने,<br>३) उद्योगको प्रोप्राईटर, सचालक, साझेदार वा उद्योगको व्यवस्थापक वा उद्योगको आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारी । | १) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२) उद्योगको प्रोप्राइटर, सचालक, साझेदार को लागि सम्बन्धित कर कार्यलयमा दर्ता गरिएको PAAN/VAT को प्रतिलिपि र उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, उद्योगको व्यवस्थापक र आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीको लागि उद्योगको सिफारिस पत्र,<br>३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,<br>४) लक्षित समूहमा पर्ने हो भन्ने सो खुल्ने कागजात । |
| २ | लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारिकरण तालिम<br>( २ दिने तालीम) | १) १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनुपर्ने,<br>२) साधारण लेखपढ गर्न सक्ने,<br>३) उद्योगको प्रोप्राईटर, सचालक, साझेदार वा उद्योगको व्यवस्थापक वा उद्योगको उत्पादन/ बजारिकरण शाखामा कार्यरत कर्मचारी । | १) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२) उद्योगको प्रोप्राइटर, सचालक, साझेदार को लागि सम्बन्धित कर कार्यलयमा दर्ता गरिएको PAAN/VAT को प्रतिलिपि र उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, उद्योगको व्यवस्थापक र उत्पादन/ बजारिकरण शाखामा कार्यरत कर्मचारीको लागि उद्योगको सिफारिस पत्र,<br>३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,<br>४) लक्षित समूहमा पर्ने हो भन्ने सो खुल्ने कागजात । |
| ३ | उद्यमशिलता विकास तालिम<br>(१० दिने तालीम) | १) १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनुपर्ने,<br>२) साधारण लेखपढ गर्न सक्ने । | १) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,<br>३) लक्षित समूहमा पर्ने हो भन्ने सो खुल्ने कागजात । |

६. प्रशिक्षार्थीहरुले आफू छनौट भएको सूचना, तालीम सञ्चालन हुने स्थान, समय र मितिको जानकारी समय समयमा यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np तथा यस केन्द्रको सूचना पाटीमा टाँस हुने सूचना हेरी स्वयम् प्रशिक्षार्थीहरुले प्राप्त गर्नुपर्नेछ । यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन ।

७. तालीम सञ्चालन हुने स्थानः- काठमाण्डौ

८. उपयुक्त संख्यामा आवेदन प्राप्त नभएमा वा अन्य कुनै कारणले केन्द्रले आंशिक वा पूर्णरुपले तालीम कार्यक्रम संसोधन एवम् रद्ध गर्न सक्नेछ ।

९. आवेदनमा पेश गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारणले आवेदन रद्ध हुन सक्ने भएकोले आवेदकले आवेदन पेश गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ ।

१०. प्रशिक्षार्थीले तालीममा सहभागी भएवापत् कुनै पनि प्रकारको भत्ता एवम् सुविधा पाउने छैन ।

११. प्रशिक्षार्थी स्वयम लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमा उपस्थित भइ तोकिएको ढाँचा अनुसार निवेदन दिनु पर्नेछ ।

१२. थप जानकारीको लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

# तालिमको लागि निवेदन/दरखास्त फारम

श्रीमान् कार्यकारी अधिकृतज्यू, **मिति :**
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं ।

महोदय,

त्यस केन्द्रबाट मिति २०७८।०७।१७ मा प्रकाशित सूचना अनुसार यस आ.ब. २०७८।७९ मा सञ्चालन गरिने ........................................................................ विषयको तालिममा सरिक हुने मेरो इच्छा भएको र योग्य समेत भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेश गरेकी/गरेको छु।

१. निवेदकको नाम, थर :

२. निवेदकको ठेगाना :

(क) स्थायी ठेगाना:

(ख) अस्थायी ठेगाना:

(ग) सम्पर्क मोबाईल नं.

(घ) इमेल:

३. उमेर : .........वर्ष

४. लिङ्ग : पुरुष /महिला

५. बैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यता (उच्चतम योग्यता तथा तालिमको बिषयसँग सम्बन्धित योग्यता भए सो समेत खुलाउने):

७. हाल कार्यरत उद्योगको नाम, ठेगाना (कार्यरत भएमा मात्र) :

८.   उद्योगमा कार्यरत शाखा तथा जिम्मेवारी (कार्यरत भएमा मात्र) :

९.   यस भन्दा अघि कुनै सीपमुलक वा उद्यमशीलता विकास तालिम लिनु भएको छ / छैन ?...........

यस अघि तालिम लिएको भए,

(क) तालिमको विषयः..........................................

(ख) तालिमको अवधिः.........................

(ग) तालिम दिने संस्थाः .........................

१०. यो तालिम लिन चाहनुको मुख्य कारण के हो ? :

| |
|---|
| |

तालिम पश्चात उद्यम/व्यवसाय/रोजगारीमा यसको प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु ।

.........................

आवेदकको सही

संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३.

४.